# शारदा राजपत्र

## शारदा नगरपालिका द्वारा प्रकाशित

**खण्ड ८** संख्या २९ **मिति २०८१।०४।२४**

# भाग २

**शारदा नगरपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्यविधि सर्वसाधारणको लागी प्रकाशन गरीएको छ ।**

अटो तथा विद्युतीय रिक्सा व्यवस्थापन कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०४/२४
प्रमाणीकरण मितिः२०८१/०४/२७

**प्रस्तावनाः**

यस नगरपालिका क्षेत्र भित्र सञ्चालन हुदैं आएका अटो तथा विद्युतीय रिक्सालाई व्यवस्थित गर्न अति आवश्यक देखिएकोले सोको व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ४ (ट) १ ले दिएको अधिकार प्रयोग गरी शारदा नगरपालिकाले अटो तथा विद्युतीय रिक्सा व्यवस्थापन कार्यविधि, २०८१ कार्यपालिका बैठकबाट पारित गरी लागु गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम ''शारदा नगरपालिका अटो तथा विद्युतीय रिक्सा व्यवस्थापन कार्यविधि, २०८१'' रहेको छ।

(ख) यो कार्यविधि शारदा नगरपालिकाको नगरकार्यपालिका बाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) ''नगरपालिका'' भन्नाले शारदा नगरपालिका सम्झनु पर्दछ।

(ख) ''कार्यविधि'' भन्नाले शारदा नगरपालिका अटो तथा विद्युतीय रिक्सा व्यवस्थापन कार्यविधि, २०८१'' सम्झनु पर्दछ।

(ग) ''कार्यपालिका'' भन्नाले शारदा नगरकार्यपालिका सम्झनु पर्छ।

(घ) ''प्रमुख'' भन्नाले शारदा नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

(ङ) ''उपप्रमुख'' भन्नाले शारदा नगरपालिकाको उपप्रमुख लाई सम्झनु पर्छ।

(च) ''प्रमुख प्रशासकीय अधिकृत'' भन्नाले शारदा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्छ।

(छ) दर्ता/नवीकरण/दर्ता खारेजी अधिकारी भन्नाले प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारीलाई सम्झनु पर्छ।

(ज) ''सवारी साधन'' भन्नाले अटो तथा विद्युतीय रिक्सा सम्झनु पर्छ।

**३. अटो तथा विद्युतीय रिक्सा व्यवस्थापन समिति गठनः**

(१) नगरपालिकाभित्र अटो तथा विद्युतीय रिक्सा सञ्चालनलाई व्यवस्थित गर्दै सर्वसुलभ र दुर्घटनारहित ढङ्गबाट सेवा सुचारु एवं सुव्यवस्थित गर्न आवश्यक मार्गदर्शन गर्न नगरपालिका देहाय अनुसारको अटो तथा विद्युतीय रिक्सा व्यवस्थापन समिति रहनेछ।

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) नगर उपप्रमुख | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) पूर्वाधार विकास समिति संयोजक | सदस्य |
| (ङ) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, सल्यान | सदस्य |
| (च) प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय, सल्यान | सदस्य |
| (छ) प्रतिनिधि, ट्राफिक प्रहरी कार्यालय, सल्यान | सदस्य |
| (ज) अटो तथा विद्युतीय व्यवसायीहरु मध्ये नगरपालिकाबाट मनोनित व्यवसायी २ जना | सदस्य |
| (झ) पूर्वाधार विकास शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी | सदस्य सचिव |

(२) दफा ३ (१) ज बमोजिम सदस्य कार्यपालिकाले तोके बमोजिमको समयसम्म बहाल रहनेछ।

(३) दफा ३ (१) बमोजिम गठित समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। बैठक प्रमुखको आदेशले सदस्य सचिवले बोलाउनेछ।

(४) समितिको बैठक बसेको दिनको बैठक भत्ता शारदा नगरपालिका कार्यसञ्चालन निर्देशिका, २०८१ मा उल्लेख भए बमोजिम प्राप्त हुनेछ।

**४. अटो तथा विद्युतीय रिक्सा व्यवस्थापन समितिको कामः**

(क) नगरपालिका भित्र अटो तथा विद्युतीय रिक्सा सञ्चालनलाई व्यवस्थित गर्न आवश्यक मार्गदर्शन गर्ने।

(ख) अटो तथा विद्युतीय रिक्साको पार्किङ्ग स्थल तोक्ने।

(ग) अटो तथा विद्युतीय रिक्साको स्थान अनुसार भाडा दर निर्धारण गर्ने।

(घ) सेवा क्षेत्र निर्धारण तथा कलस्टर अनुसार अटो तथा विद्युतीय रिक्सा संख्या तोक्ने।

(ङ) नगरपालिकाको आवश्यकता अनुसार अटो तथा विद्युतीय रिक्सा संख्या निर्धारण गर्ने।

(च) अटो तथा विद्युतीय रिक्साको व्यवस्थापन र यात्रुहरु बीच भएका विवादको समाधान गर्न आवश्यक सहजीकरण गर्ने।

**५. दर्ता, नवीकरण र खारेजीः**

(१) प्रत्येक अटो तथा विद्युतीय रिक्सा सवारी ऐन/दफा बमोजिम यातायात कार्यालयमा नियमानुसार दर्ता एवं नवीकरण भै नगरपालिकामा वार्षिक रुपमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४(१) क बमोजिम नगरपालिकाले तोकेको बार्षिक सवारी कर तोकिएको म्यादभित्र अनिवार्य बुझाई अटो तथा विद्युतीय रिक्सा नगरपालिकामा दर्ता (सूचीकरण) हुनुपर्नेछ। अटो तथा विद्युतीय रिक्सा दर्ता गर्दा निम्न कागजात पेश गर्नु पर्नेछः

- (क) अनुसूची–१ बमोजिम तोकिएको ढाँचामा निवेदन।
- (ख) प्रदुषण मापदण्ड भित्र परेको प्रमाणित गरिदिएको पत्रको प्रतिलिपि।
- (ग) सक्कल भन्सार पत्र/भन्सार महशुल तिरेको रसिदको प्रतिलिपि वा फर्म वा कम्पनीबाट खरिद गरेको वीलको प्रतिलिपि।
- (घ) फर्म वा कम्पनीमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि।
- (ङ) आयकर दर्ताको कागजात/कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि/VAT दर्ताको प्रतिलिपि।
- (च) सवारी साधनको इन्जिन, च्यासिसको फोटो।
- (छ) वीमाको कागजात।
- (ज) सवारी कर, आयकर तिरेको रसिद।
- (झ) वित्तीय संस्थाबाट ऋण लगानी भै दर्ता हुनेहरुको हकमा वित्तीय संस्थाको दर्ता प्रमाणपत्र, आयकर (PAN) करचुक्ता र व्यक्ति भए नागरिकताको प्रतिलिपि।
- (ञ) सवारी साधन कार्यालयमा ल्याई चेकजाँच गराउनुपर्ने।
- (ट) सवारी धनी स्वयं उपस्थित हुनुपर्नेछ।

(२) दफा (१) बमोजिम दरखास्त पर्न आएमा कार्यालयले त्यस्तो दरखास्तको सम्बन्धमा आवश्यक जाँचबुझ गरी ऐन तथा यस कार्यविधिमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही कार्यालयमा राखिएको अनुसूची–५ बमोजिमको सवारी दर्ता किताबमा सवारी दर्ता गरी दरखास्तवालालाई दर्ताको प्रमाणपत्र दिनुपर्नेछ।

(३) नगरपालिकामा दर्ता भई सञ्चालनमा तोकिएको सवारी कर बुझाई नवीकरण गर्नु पर्नेछ। नवीकरण गर्दा निम्न कागजातहरु पेश गर्नु पर्नेछः

(क) अनुसूची–३ बमोजिमको ढाँचामा निवेदन।

(ख) प्रदुषण मापदण्डभित्र परेको प्रमाणित गरिदिएको पत्र।

(ग) दर्ता गर्दा वा अघिल्लो आ.व. मा नवीकरण गर्दा बुझाएको सवारी करको रसिदको प्रतिलिपि।

(घ) तोकिएको प्राविधिक कर्मचारीबाट चेकजाँच भएको कागजातको प्रतिलिपि।

(ङ) वीमाको कागजात।

(च) नगरपालिकाले दिएको दर्ता वा सूचीकरण प्रमाण पत्रको प्रतिलिपि।

(छ) गत आ. व. मा नगरपालिकामा तिरेको कर रसीदको प्रतिलिपि।

(ज) सवारी धनी स्वयं उपस्थित हुनु पर्नेछ। स्वयं उपस्थित हुन नसक्ने भएमा सवारी धनीले मञ्जुरीनामा दिएको पत्र।

(४) नियमानुसार प्रदुषण मापदण्ड पुरा नगरेको, कार्यालयमा सवारी साधन चेकजांच गर्दा सवारी सञ्चालन गर्न उचित नदेखिएको र वार्षिक नवीकरण हुनुपर्ने समयभित्र नभई एक वर्ष म्याद नाघेको सवारी साधनलाई दर्ता खारेजी गरिनेछ। यसरी खारेजी भएका सवारी साधनहरु पुनः दर्ता हुन आएमा दफा ५ को उपदफा १ को प्रक्रिया अनुसार दर्ता हुनु पर्नेछ।

(क) सवारी धनीले त्यस्तो सवारीको दर्ताको प्रमाणपत्र खारेज गराउन चाहेमा त्यस्तो सवारी दर्ता भएको कार्यालयमा अनुसूची–४ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ । यस बमोजिम दरखास्त पर्न आएमा त्यस्तो सवारीको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम दर्ताको प्रमाणपत्र खारेज गर्न उपयुक्त देखेमा ऐन तथा यस कार्यविधिमा उल्लिखित अन्य व्यवस्थाहरूको अधीनमा रही दर्ताको प्रमाणपत्र खारेज गरी सो को व्यहोरा दर्ता किताबमा जनाई त्यस्तो सवारीको लगत कट्टा गर्नुपर्नेछ।

**६. रुट निर्धारणः**

(१) नगरपालिका भित्र दफा ३(१) अनुसार गठित अटो तथा विद्युतीय रिक्सा व्यवस्थापन समितिले तोके बमोजिमको सेक्टरमा पार्किङ हुने गरी उल्लेखित संख्यामा अटो तथा विद्युतीय रिक्साले सेवा दिने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ४ ट (२) बमोजिम नगरपालिकाले तोकिए बमोजिम को रुट निर्धारण शुल्क लिई रुट निर्धारण पत्र जारी गर्नेछ। रुट निर्धारण पत्र प्रत्येक सवारी साधनले अनिवार्य बोक्नु पर्नेछ।

(२) दफा ६(१) अनुसार निर्धारण भएका स्थान एवं सेक्टरमा सवारी संख्या थपघट गर्नु परेमा दफा ३ बमोजिम गठित समितिको निर्णयानुसार हुनेछ।

(३) प्रत्येक सवारी साधनले प्रत्येक अर्धवार्षिक रुपमा बाटो इजाजत लिंदा निम्नानुसार कागजात पेश गर्नुपर्नेछः

(क) अनुसूची–२ बमोजिमको ढाँचाको निवेदन।

(ख) नवीकरण भएको ब्लुबुकको प्रतिलिपि।

(ग) जाँचपास प्रमाण पत्र।

(घ) वीमा (सवारी, चालक, यात्रु र तेस्रो पक्ष) भएको प्रतिलिपि।

(ङ) माग भएको रुट खुलाउनुपर्ने।

(च) चालकको लाइसेन्सको प्रतिलिपि र नागरिकताको प्रतिलिपि।

(छ) तोकिएको बमोजिमको दस्तुर बुझाएको नगदी रसिद।

(ज) अर्को क्षेत्रबाट अनुमति लिई आएकोमा सो कार्यालयको सहमति पत्र।

(झ) सवारी धनी स्वयं उपस्थित नभएमा मञ्जुरीनामा पेश गर्नुपर्ने।

(४) अटो तथा विद्युतीय रिक्साको बाटो इजाजत सम्बन्धी अन्य व्यवस्थाः

(क) बाटो इजाजत को अवधि ६ महिनाको हुनेछ । म्याद समाप्त भएको मितिले १५ दिनसम्म परमिट नवीकरण गराइसक्नुपर्नेछ र त्यस्तो परमिट दस्तुर रु. ५०० हुनेछ। १५ दिनपछि थप ३० दिनसम्म अर्थात शुरु म्याद समाप्त भएको ४५ दिनसम्म दोव्वर दस्तुर तिरी नवीकरण गराउन सकिन्छ। सो म्याद पनि समाप्त भै आएपछि रु. २०००। (अक्षरुपी दुई हजार मात्र) थप जरीवाना लाग्नेछ।

(ख) नवीकरण गर्न कुनै निकायबाट रोक्का नभएको हुनुपर्नेछ।

(ग) परमिट नवीकरण गर्दा वीमा वा जाँचपास अवधिले नभ्याउने भएमा जुन अवधि पहिला सकिन्छ सो उल्लेख गरी नवीकरण गरिदिने र पछि उक्त कागजात ल्याई आएमा बाँकी रहेको अवधि सोही दस्तुरको आधारमा नवीकरण गरिदिने।

(घ) तोकिएको क्षेत्र बाहेक अन्य क्षेत्रमा अनुमति नलिई सञ्चालन गर्न पाइने छैन।

**७. चालकले पालना गर्नुपर्ने दफाहरुः**

(१) प्रत्येक सवारी चालकले निम्नानुसारको दफा अनिवार्य रुपमा पालना गर्नुपर्नेछः

(क) सवारी चालक अनुमति पत्र, सवारी दर्ता किताव, बाटो इजाजतपत्र साथमा लिई मात्र सवारी साधन चलाउनुपर्ने,
(ख) वीमा, नवीकरण गरेको प्रमाण पत्र साथमा राखी सवारी साथन चलाउनुपर्ने,
(ग) अटो तथा विद्युतीय रिक्साको यान्त्रिक अवस्था ठीक भए/नभएको चेकजाँच गरेर मात्र सवारी साधन चलाउनुपर्ने, तोकिएको भार, क्षमता र गतिमा मात्र सवारी साधन चलाउनुपर्नेछ,
(घ) मादकपदार्थ तथा लागु औषध सेवन गरी सवारी चलाउन पाइने छैन साथै प्रतिबन्धित मालसामान तथा चिजवस्तु ओसारपसार समेत गर्न पाइने छैन,
(ङ) सवारी चलाउदा मोबाइल फोनको प्रयोग र ठुलो आवाजमा गीत संगीत बजाएर सवारी चलाउन पाइने छैन । सडकमा ध्यान केन्द्रित गरेर सुरक्षित साथ सवारी साधन चलाउनुपर्नेछ,
(च) लेन अनुशासनको पालना गर्नुपर्ने, आफुभन्दा अगाडिको सवारी साधनसंग Breaking Distance कायम गर्नुपर्ने,
(छ) अटो तथा विद्युतीय रिक्साको अगाडिको भाग चालकको दायाँ बायाँ यात्रु तथा मालसामान राख्न पाइने छैन साथै सवारीको बाहिरी भागमा मालसामान राख्न र झुण्ड्याउन पाईने छैन,
(ज) सामाजिक सद्भाव र सडक सुरक्षामा ध्यान दिंदै यात्रुमैत्री व्यवहार गर्नुपर्ने साथै अशक्त, वृद्ध तथा बालबालिकालाई विशेष ध्यान पुऱ्याउनुपर्ने,
(झ) सडकमा जथाभावी सवारी साधन रोक्न, पार्किङ गर्ने जस्ता कार्य गर्न पाइने छैन साथै सवारी साधन पूर्ण रुपमा रोकिएको अवस्थामा मात्र यात्रु चढाउने र ओराल्ने गर्नुपर्नेछ,
(ञ) रातिको समयमा यात्रा गर्दा लाइटको सही सदुपयोग गर्नुपर्नेछ । अटो तथा विद्युतीयरिक्सा तीब्र गतिमा चलाउने र आफखुशी सवारी साधनको स्वरुप परिवर्तन गर्ने जस्ता कार्य गर्न पाइने छैन,
(ट) अटो तथा विद्युतीयरिक्सा मुख्य सडकमा सञ्चालन गर्ने, सडकको जथाभावी प्रयोग गर्ने, शारिरीक तथा मानसिक अवस्था ठीक नभएकाले सवारी चलाउने जस्ता कार्य गर्न पाईने छैन । होसियारी पूर्वक सवारी साधन चलाउनुपर्नेछ,
(ठ) सवारी दुर्घटना, सवारी आवगमन अवरोध, ट्राफिक समस्या तथा गुनासो भए तत्काल ट्राफिक प्रहरी कार्यालय र नगर कार्यपालिका कार्यालयलाई जानकारी दिनु पर्नेछ,

**८. यात्रु सुरक्षाः**

यात्रु सुरक्षाका लागि प्रत्येक सवारी साधनमा निम्नानुसारका दफाहरु पालना गर्नु÷गराउनु पर्नेछ ।
(१) अटो तथा विद्युतीयरिक्साहरुको दाहिने तर्फबाट यात्रु चढ्ने र झर्ने गर्न नमिल्ने बनाउनुपर्ने,
(२) स्थान अनुसारको भाडादर उल्लेख गरी सवारी साधनमा देखिने गरी टास्नुपर्ने,
(३) अटो तथा विद्युतीयरिक्सामा राखिएमा साउण्ड सिस्टम पूर्ण रुपमा हटाउनुपर्ने,
(४) यात्रुहरुले यात्राका बखत जताभावी फोहर नफाल्ने व्यवस्था मिलाउनु पर्ने ।

**९. वीमा सम्बन्धी व्यवस्थाः**

(१) सवारी धनी वा व्यवस्थापकलाई वीमा वापतको रसिद मात्र काटेको आधारमा दुर्घटना भएपछि विमित रकम नपाइने हुनाले अनिवार्य रुपमा सम्वन्धित वीमा कम्पनीसंग सो रकम बराबरको वीमा पोलिसी वा प्रमाणपत्र लिनुपर्ने अन्यथा दुर्घना बापतको क्षतिपूर्ति नपाइने व्यहोरा को जानकारी दिनुपर्नेछ । कार्यालयमा वीमा पोलिसी कागजात पेश नगरेमा कार्यालयबाट सम्पादन हुने सवारी सम्बन्धी कुनै पनि सेवाहरु प्रदान गरिदिने छैन ।
(२) प्रत्येक सवारीले ऐन र नियमावलीले तोके बमोजिमका दुर्घटना वीमा, मजदुर वीमा, तेस्रो पक्ष वीमा आदिको वीमा गरेको हुनुपर्नेछ ।
(३) बाटो इजाजत जारी वा नवीकरण गर्दा उक्त सवारीको सम्वन्धित अभिलेखमा वीमाको नाम र बहाल अवधि जनाउनुपर्नेछ ।

**१०. जरिवाना सम्बन्धी व्यवस्थाः**

(१) सवारी दर्ता, अनुमति नलिई, स्वीकृती नलिई हेरफेर (रंग, सिट, स्वरुप, इन्जिन, च्यासिस) आवगमनमा बाधा पुर्याएमा १ हजार देखि ५ हजार सम्म जरिवाना हुनेछ ।

(२) तपसिल बमोजिम कसुर गर्नेलाई तत्काल ट्राफिक प्रहरी वा नगरपालिकाले तोकेको कर्मचारीले नियमानुसार जरिवाना गर्नेछ सो रकम तत्काल बुझाउन नसक्नेलाई २४ घण्टा भित्र सम्बन्धित नगरपालिका कार्यालयमा पठाउनुपर्नेछ र नगरपालिकाले कसुर खुलाई प्रहरीको पुर्जीको आधारमा पहिलो पटक रु १५००। दोस्रो पटक रु २०००। तेस्रो पटक रु २५००। र त्यसपछि पटकै पिच्छे दोव्वर जरिवाना गरी सचेत गराउन सक्नेछ। यस्तो जरिवानाको २० प्रतिशत प्रहरीले प्राप्त गर्नेछ।

(क) ट्राफिक सङ्केत वा इशारा उल्लघङ्न गरी चलाएको।

(ख) पार्किङ निषेध गरिएको ठाउँ वा समयमा पार्किङ गरेमा।

(ग) सवारी मोड्न वा ध्वनि सङ्केत निषेध गरिएको ठाउँमा मोडेमा वा ध्वनि सङ्केत दिएमा।

(घ) गलत साइड तर्फ सवारी चलाएमा।

(ङ) एकतर्फी सडक तर्फ सवारी चलाएमा।

(च) अवस्था ठीक नभएको सवारी चलाएमा।

(छ) निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाएमा।

(ज) राति बत्ती नबाली सवारी चलाएमा।

(झ) मादक पदार्थ सेवन गरी सवारी चलाएमा।

(ञ) नम्बर प्लेट नराखी सवारी चलाएमा।

(ट) निर्धारित सिट भन्दा बढी यात्रु राखी चलाएमा।

(ठ) सार्वजनिक सवारीको चालकले यात्री लिन इन्कार गरेमा।

(ड) निर्धारित भाडा दरभन्दा बढी भाडा लिई सवारी चलाएमा।

(ण) बाटो इजाजत पत्र नलिई सार्वजनिक सवारी चलाएमा।

(त) चालक अनुमति पत्र साथमा नराखी सवारी चलाएमा।

**११. जाँचपास सम्वन्धी व्यवस्थाः**

(१) प्रत्येक अटो तथा विद्युतीय रिक्साले ६/६ महिनामा अनिवार्य रुपमा कार्यालयमा सवारी साधन ल्याई सम्बन्धित प्राविधिकबाट जाँचपास गराउनुपर्नेछ। दस्तुर रु.२००/- लाग्नेछ। सम्बन्धित यातायात व्यवस्था कार्यालयबाट जाँचपास गराएकोमा सो कागजात सहित कार्यालयमा उपस्थित हुनु पर्नेछ।

(२) जाँचपास अवधि सकिएको ७ दिनधित्र जाँचपास गराउनुपर्नेछ। सो अवधि नाघी आएमा थप ३५ दिन सम्म दोव्वर दस्तुर लाग्नेछ। सो अवधि पनि नाघी आएमा दोव्वर अतिरिक्त थप रु.५०००। सम्म जरिवाना लाग्नेछ।

(३) जाँचपास गर्न नगरपालिकाले तोकेको मापदण्ड पूरा भएको हुनुपर्नेछ।

**१२. भाडादरः**

(१) नगरपालिका भित्र सञ्चालन हुने सवारी साधनले दफा ३ को उपदफा १ बमोजिम गठित समितिले तोके बमोजिमको भाडादर लिई यातायात सेवा सञ्चालन गर्नुपर्ने छ। तोकिएको भाडादर भन्दा बढि असुल गरेको पाईएमा दफा १० को उपदफा २ बमोजिमको दण्ड सजाय तथा जरिवाना प्रहरी वा नगरपालिकाले तोकेको कर्मचारीले जरिवाना गर्न सक्नेछ।

९२० भाडादर परिवर्तन गर्नुपर्ने अवस्था आएमा दफा ३ को उपदफा (१) बमोजिम गठित समितिले समय सापेक्ष परिवर्तन गर्न सकनेछ।

**१३. पार्किङ्ग तथा पार्कङ्ग शुल्कः** अटो तथा विद्युतीयले पार्कङ्ग गर्दा नगरपालिकाले तोकिएको स्थानमा पार्किङ्ग गर्नु पर्नेछ र सो वापत तोकिएको पार्किङ्ग शुल्क नगरपालिकालाई बुझाउनु पर्नेछ।

**१४. अनुगमनः** प्रहरी र नगरपालिकाले उल्लेखित कार्यविधि बमाजिम अटो तथा विद्युतीय रिक्सा सञ्चालन भए नभएको अनुगमन गर्न सक्नेछ।

**१४. विविधः** यस कार्यविधिमा उल्लेख नभएका विषयहरु सवारी तथा यातायात व्यवस्था ऐन, नियम तथा अन्य प्रचलित कानून बमोजिम हुनेछन्।

१५. **संशोधन वा हेरफेर**: कार्यपालिकाले समितिसँगको परामर्शमा यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ ।

१६. **बाधा अड्काउ फुकाउ**: यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा उत्पन्न भएमा कार्यपालिकाले वाधा अड्काउ फुकाउन सक्नेछ ।

अनूसुची –१

(दफा ५ (क) संग सम्वन्धित)

**सवारी दर्ता गर्न दिइने दरखास्त**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
शारदा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
खलंगा, सल्यान।

विषयः सवारी दर्ता गराई पाँउ।

मेरो र हाम्रो नाममा खरिद भएको प्राप्त भएको झिकाएको निम्न विवरण भएको सवारी दर्ता गराउनका लागि लाग्ने दस्तुर र चाहिने अन्य निस्सा प्रमाणहरु यसै साथ राखी पेश गरेको छ /छौ। उक्त सवारी जाँच गरी मेरो/हाम्रो नाममा दर्ता गरी दर्ता प्रमाणपत्र पाउन दरखास्त दिएको छु /छौ।

१. दर्तावालाको नाम थर :
२. ठेगाना : (क) स्थायी :
(ख) अस्थायी:
३. पिता वा पतिको नामथर (व्यक्ति भएमा ):
४. सवारीमा भएको दर्ता नं.: साविकको दर्ता गर्ने कार्यालय :
५. सवारी किसिम : ६. सवारी बनाउने कम्पनीको नाम :
७. सवारीको मोडेल नं. : (निर्माण भएको साल):
८. सिलिण्डर संख्याः ९. हर्ष पावर सि.सि.:
१०. सवारीको इन्जिन नं. : ११. सवारीको चेसिस नं.:
१२. सावरीको रङ : १३. प्रयोग गर्ने इन्धनको किसिम :
१४ सावरीमा भएको इलेक्ट्रोनिक संचारको उपकरण (रेडियो, क्यासेट, टेलिफोन आदि )
१५. सवारीको वजन क्षमता : (क) कुल वजन : (ख) भारवहन क्षमता : (ग) सिट संख्या :
१६. प्रयोग : १७. चलाउने क्षेत्र :
१८. अन्य प्रमाणको विवरण :

दरखास्तवालाकोः
सही :
नामथर :
ठेगाना :
मिति :

<u>कार्यालय प्रयोजनको लागि</u>

सवारी निरीक्षणको व्यहोरा :

..............................................................................................................................................................................................

................................................................................................................................................................... .

प्रदान गरिएको दर्ता नं. : मिति :

माथि उल्लेखित सम्पूर्ण विवरणहरुका साथै प्राविधिक प्रतिवेदनबाट सवारी दर्ता गर्न उपयुक्त देखिएकोले निर्णयार्थ पेश गर्ने।

| ........................ | .......................... | .......................... |
|---|---|---|
| पेश गर्ने कर्मचारीको सही | निरीक्षण गर्ने प्राविधिकको सही | दर्ता गर्ने अधिकारीको सही |

:

अनुसूची–२

(दफा ६ (३) क संग सम्बन्धित)

बाटो ईजाजतपत्रको लागि दिईने दरखास्त

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
शारदा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
खलंगा, सल्यान।

विषयः बाटो ईजाजत पत्र पाँउ।

निम्न अनुसारको यातायात सेवाको सवारीलाई निम्न अनुसारको बाटो ईजाजतपत्र पाउनका लागि लाग्ने दस्तुर र आवश्यक प्रमाणपत्रहरु राखी दरखास्त दिएको छू। नियमानुसार बाटोको ईजाजतपत्र पाउँ।

१. यातायात सेवाको विवरण :

(क) यातायात सेवाको नाम : (ख) यातायात सेवा दर्ता मिति :

(ग) यातायात सेवाको नवीकरण अवधि : (घ) यातायात सेवा दर्ता गर्ने कार्यालय :

(ङ) यातायात सेवा रहेको मुख्य कार्यालयको स्थान र फो.नं.

(च) अन्य

२. सवारी धनीको विवरण :

(क) सवारी धनीको नाम थर : (क) ठेगाना :

३ सवारीको विवरण :

(क) सवारी नं. (ख) दर्ता मिति : (ग) सवारीको किसिम :

(घ) सवारीको ईन्जीन नं.

(ङ) सवारीको चेसिस नं. : (च) सवारीको मोडेल नं. र निर्माता कम्पनी :

(छ) निर्माण भएको साल : (ज) सवारीको वजन क्षमता :

(अ) कुल वजन : (आ) भारवाहान क्षमता (ई) सिट क्षमता :

४. सवारीको बाटो ईजाजतपत्र माग गरेको क्षेत्र वा बाटोको विवरण

(क)

(ख)

५ यसअघि कुनै कार्यालयबाट बाटो ईजाजत पत्र प्राप्त गरेको भए सोको विवरण

(क) पाएको बाटो :

(ख) ईजाजत पाएको नं. रु मिति : (ग) बहाल अवधि :

(घ) ईजाजत दिने कार्यालय :

सहमतिपत्र पाएको मिति :

६ जाचपास सम्वनधी विवरण :

(क) जाँचपास भएको मिति : (ख) जाँचपास गरिदिने कार्यालय :

७. सवारी वीमा सम्वन्धी विवरण :

(क) सवारी वीमा :

(अ) वीमा भएको मिति:

(आ) अवधि :

(इ) वीमा गर्ने कम्पनी वा निकाय

(ख) यात्रु वीमा

(अ) वीमा भएको मिति :

(आ) अवधिः

(इ) वीमा गर्ने कम्पनी वा निकाय

(ग) तेस्रो पक्ष वीमा

(अ) वीमा भएको मिति :

(आ) अवधि :

(इ) वीमा गर्ने कम्पनी वा निकाय

८. सवारीमा काम गर्ने चालकको विवरण

(क) चालकको नाम थर : (ख) ठेगाना

९. सवारी नचलेको समयमा वा अवधिमा सवारी पार्किङ्ग गर्ने स्थान :

१०. अन्य विवरण :

(क) (ख)

दरखास्तवालाको विवरण

सहीः.......................

नाम थरः ................

ठेगानाः...................

मितिः.....................

**कार्यालय प्रयोजनको लागि**

१. उक्त सवारीले माग गरेको बाटोको ईजाजत पत्र दिन सकिने नसकिने विवरण खुलाउने :

(क) बाटो ईजाजत पत्र दिन नसकिने भए सोको कारण खुलाउने :

(अ)

(आ)

(ख) बाटो ईजाजतपत्र दिन सकिने भए कुन कुन बाटोको ईजाजत पत्र दिने हो सो खुलाउने :(क)

(अ)

(आ)

२. बाटो ईजाजत पत्र नं.:

३. बाटो ईजाजत पत्रको दस्तुर :भौचर :रसिद नं. :४. संलग्न कागजपत्रहरु :

५. अन्य :

| | |
|---|---|
| ....................... | ........................ |
| पेश गर्ने कर्मचारीको सही | बाटो ईजाजत दिने अधिकारीको सही |

अनूसुची –३

(दफा ५ उपदफा (३) को (क) संग सम्बन्धि)

दर्ता प्रमाण पत्र नवीकरण गराउन दिईने दरखास्त

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
शारदा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
खलंगा, सल्यान।

विषयः सवारी दर्ता प्रमाण पत्र नवीकरण गराई पाँउ।

मेरो/हाम्रो नाममा दर्ता भएको निम्न विवरण भएको सवारीको दर्ता प्रमाण पत्रको नवीकरणको लागि लाग्ने दस्तुर र अन्य आवश्यक निस्सा यसै साथ संलग्न गरी दरखास्त दिएको छु/दिएका छौं।

१. सवारी दर्ता नं. : २. सवारीको किसिम :

३. सवारी धनीको नाम थर :

४. सवारी नवीकरण म्याद समाप्त भएको मिति :

५. सवारी दर्ता प्रमाण पत्र नवीकरण गर्नु पर्ने अवधि :

६. सवारी साधन आयकर बुझाएको निस्सा :

(क) सवारी आयकर बुझाएको कार्यालय :

(ख) सवारी आयकर बुझाएको अवधि : (ग) रसिद वा भौचर नं. : (घ) मिति

७. भाडाका सवारीको लागि बाटो इजाजत पत्र :

(क) बाटो इजाजत पत्र दिने कार्यालय :

(ख) बाटो इजाजत पत्र पाएको क्षेत्र :

(ग) बाटो इजाजत पत्र पाएको अवधि :

(घ) बाटो इजाजत पत्र लिएको मिति :

८. प्रदुषण जाँच प्रमाण पत्र लिनु पर्ने सवारी भए –

(क) प्रदुषण जाँच गर्ने कार्यालय :

(ख) प्रदुषण प्रमाण पत्र दिएको मिति :

(ग) प्रदुषण जाँच प्रमाण पत्र प्राप्त गरेको अवधि :

९. अन्य :

दरखास्तवालाको :

सही :

नाम थर :

ठेगाना :

मिति :

**कार्यालय प्रयोजनको लागि**

नवीकरण गरेको मिति :

नवीकरण गरेको अवधि :

.................................. ............................ ..................................

पेश गर्ने कर्मचारीको सही निरीक्षण गर्ने प्राविधिकको सही नवीकरण गर्ने अधिकारीको सही

अनुसूची–४

(दफा ५ को उपदफा (४) सँग सम्बन्धित)
दर्ताको प्रमाणपत्र खारेजीको लागि दिइने दरखास्त

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
शारदा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
खलंगा, सल्यान।

विषयः सवारी दर्ता प्रमाण पत्र खारेज गराई पाँउ।

मेरो/हाम्रो नाममा यस कार्यालयमा दर्ता भएको निम्न अनुसारको सवारी बिग्रीई÷नासीइ भविष्यमा चलाउन नसक्ने भएकोले दर्ता प्रमाणपत्र संलग्न राखी दरखास्त दिएको छु/छौं। व्यहोरा बुझी दर्ता प्रमाण पत्र खारेज गरी पाउँ।

१. सवारी धनीको नाम थर :
२. ठेगाना :
३. सवारी दर्ता नं. :
४. सवारीको किसिम :
५. सवारी दर्ता खारेज गर्नुपर्नाको कारण :
६. हराएको–नासिएको–आदिको व्यहोरा–प्रमाण वा सिफारिसपत्र :
७. सवारी दर्ता प्रमाणपत्र :
८. जाँचपासको प्रमाणपत्र :
९. प्रदूषण जाँचपासको प्रमाणपत्र :
१०. बाटो इजाजत पत्र :
११. अन्य प्रमाण :

दरखास्तवालाको सही :
नाम थर : ठेगाना :
मिति :

**कार्यालय प्रयोजनको लागि**

सवारीको विस्तृत जाँच गरी दर्ता खारेज गर्नुपर्ने कारण खोलिएको प्रतिवेदनं......................

| ............................... | ....................... | ............................ |
|---|---|---|
| पेश गर्ने कर्मचारीको सही | निरीक्षण गर्ने प्राविधिकको सही | सवारी दर्ता खारेज गर्ने अधिकारीको सही |

द्रष्ट्रव्य :हराएको वा नासिएको व्यहोरा निवेदन परेमा कुनै कार्यालय वा निकायबाट कुनै कारबाही वा अन्य प्रयोजनका लागि नखिचिएको र सो व्यहोरा झुटो भएमा कानून बमोजिम सहुँला/बुझाउँला भनी कबुलियत समेत गराउने।

अनुसूची–५
(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)
सवारी दर्ता किताब
शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान

सवारी दर्ता नं. : सवारी धनीको फोटो

सवारीको किसिम :

सवारीको दर्ता मिति :

सवारी दर्ता लगत (विवरण)

<table>
<tr><th rowspan="2">सवारीको वृस्तृत विवरण</th><th rowspan="2">सवारी दर्ता गराउने निस्साहरुको विवरण</th><th rowspan="2">सवारी धनीको नाम घर र ठेगाना</th><th rowspan="2">सवारी धनीको दस्तखत</th><th colspan="2">सवारी नामसारी</th><th colspan="2">सवारी दर्ता प्रमाणपत्रको नवीकरण</th><th rowspan="2">दस्तुर बुझाएको रसिद नं र मिति</th><th rowspan="2">चढाउने वा फाटवालाको दस्तखत</th><th rowspan="2">सवारी दर्ता वा नवीकरण प्रमाणित गर्ने अधिकृतको दस्तखत</th><th rowspan="2">कै.</th></tr>
<tr><th>बिक्री गर्नेको सही</th><th>खरिद गर्नेको सही</th><th>नवीकरण मिति</th><th>म्याद पुग्ने मिति</th></tr>
<tr><td>१. सवारीको दर्ता नं.<br>२. सवारी दर्ता मिति<br>३.सवारीको मोडेल वा निर्माण भएको वर्ष<br>४. बनाउने कम्पनी<br>५. सिलिण्डर संख्या<br>६. हर्स सि.सि.<br>७. कुल वजन<br>८. वजन क्षमता<br>सिट वा बोक्ने क्षमता</td><td>१. भन्सार तिरेको निस्सा<br>क. भन्सार कार्यालयको नाम<br>ख. प्रज्ञापन प्रमाणपत्र नं.<br>ग. रसिद नं.<br>घ. मिति<br>ङ. अन्य<br>२. प्रवेश दर्ताको निस्सा<br>क. प्रवेश दर्ता गर्ने प्रहरी कार्यालयको नाम<br>ख. प्रवेश पत्र नं.</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क. सिट संख्या<br>ख. वजन क्षमता<br>९. चेसिस नं.<br>१०. ईन्जीन नं.<br>११. ब्लक नं.<br>१२. सवारीको रङ्ग<br>क. बडिको रङ्ग<br>ख. सिसाको रङ्ग<br>ग. चेसिसको रङ्ग<br>१३. चेसिसको<br>क. लम्बाई<br>ख. चौडाई<br>१४. बडीको<br>क. लम्बाई<br>ख. चौडाई<br>ग. उचाइ | ग. अन्य<br>ङ. झिकाउने ईजाजत पाएको निस्सा<br>३. क. झिकाउने ईजाजत दिने कार्यालय<br>ख. ईजाजत पत्र नं.<br>४. खरिद भई आएको मानिस वा कम्पनीको विवरण<br>क. विक्रेताको नाम<br>ख. विक्रि तथा खरिद भएको मिति<br>ग. प्रमाणित गर्ने व्यवक्ति वा निकाय<br>घ. साविक विदेशी नं.<br>५. अन्य | | | | | | | | | | |

प्रविष्ट गर्ने

प्रमाणीकरण गर्ने

अनुसूची- ६

(इजाजत पत्रको ढाँचा)

शारदा नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय,

खलंगा, सल्यान ।

मितिः .........................

इजाजत पत्र नः

श्री ...................................

...................................

तपाइको नाममा दर्ता भएको देहायको विवरण भएको सवारी साधनलाई देहायको रुटमा सवारी साधन संचालन गर्न रुट इजाजत दिइएको छ । प्रचलीत ऐन कानूनको अधिनमा रही सवारी संचालन गर्नुहुन अनुरोध छ ।

| **सवारी साधनको विवरण** | **सवारी धनीको विवरण** |
|---|---|
| सवारी साधनको किसिमः<br>सवारी दर्ता नं. र दिने कार्यालयः<br>चेसिस नं.<br>इन्जिन नं. | नामः<br>ठेगानाः |
| | **संस्था भए दर्ता विवरण** |

| | |
|---|---|
| मोडेलः<br>बनेको सालः<br>यात्रु सिट संख्याः | संचालन गर्न अनुमति दिएको रुटः<br>संचालन गर्न अनुमति दिएको अवधिः<br>वीमा अवधिः |

रुट इजाजत पत्र प्रदान गर्ने पदाधिकारीको दस्तखतः

नाम र पदः

**नवीकरणको विवरण**

| मिति | रसिद नं | नवीकरण अवधि | वीमा अवधि | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |